# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।२५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी कमल प्रसाद खनाल रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी कमल प्रसाद खनाल रहेको गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **कमल प्रसाद खनाल** (वि.अ. को (मुद्दा नं. ०७९-CR-००१४<br>वि.अ. को फैसला मिति २०८०।०७।१२ | गैरकानूनी लाभ लिई भ्रष्टाचार गरेको। | साविकको जिल्ला विकास समितिको कार्यालय, कालिकोटबाट आ.व. २०७०/०७१ मा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम अन्तर्गत नेपाल जलवायु परिवर्तनको प्रचार प्रसारको लागि होर्डिङ् बोर्ड निर्माण कार्यमा न्यू एकता इन्जिनियरिङ्ग वर्क्स नेपालगंज, बाँकेको नामबाट मिति २०७१।०१।२४ को कर बिजक नं. ५८ को नक्कली बिलबाट होर्डिङ बोर्ड निर्माण गरेको भनी रु.२,४७,४९७।१२ (रुपैंया दुई लाख तचालीस हजार चार सय सन्तानब्बे) र निर्मल लामिछानेको नक्कली भरपाई स्रेस्तामा समाबेश गरी रु.२४,०००।– (चौबीस हजार) ढुवानी खर्च भुक्तानी लिने कार्य गरेको खुल्न आएकोले उक्त प्रचार प्रसार कार्यक्रम सञ्चालनको निमित्त पेश्की बुझिलिई जिम्मेवारी लिने र झुट्टा बिल भरपाई समाबेश गरी खरिद नै नगरिएको सामानको ढुवानी बापत समेतको खर्च देखाई कार्यक्रम नै नगरी आफूले लिएको पेश्की फछ्र्यौट गर्ने क्रममा होर्डिङ वोर्ड निर्माण गरेको नक्कली विल र उक्त होर्डिङ वोर्ड ढुवानी गरेको नक्कली भरपाई पेश गरी वद्नियतसाथ गैरकानूनी लाभ र नेपाल सरकारलाई हानी पुऱ्याएको देखिंदा उक्त कार्यक्रमका फोकल पर्सन तत्कालीन नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (LAPA) का प्रशासकीय तथा वित्त सहायक पदमा कार्यरत कर्मचारी कमल प्रसाद खनालले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर भएको देखिएकोले निज प्रतिवादी कमल प्रसाद खनाललाई विगो रु.३,२६,४९७।-(तीन लाख | **१. फैसलाः**<br>प्रतिवादीले आरोपमागदाबीबाट सफाई पाउने।<br><br>**२. विशेष अदालतले फैसला गर्दा लिएका आधारहरु :**<br>क) न्यू एकता इन्जिनियरिङ्ग वर्क्सका तर्फवाट जिल्ला बिकास समिति कालिकोटमा पेश भएको कोटेशनलाई उक्त फर्मका प्रोपाईटर राम सागर गुप्ताले अन्यथा हो भन्न नसकेको, आफ्नो फर्मको विल प्रतिवादीले दुरुपयोग गरेको भनि कहि कतै उजुरबाजुर गरेको भनि भन्न नसकेको। उक्त फर्मको भ्याट नं. र नक्कली भनिएको विजक नं. ५८ मा उल्लेख भएको भ्याट नं.मिले भिडेको देखिएको।<br><br>ख) कोटेशनसाथ पेश भएका कागजात र भ्याट विलमा प्रतिवादीको पहुंच हुने अवस्था नदेखिएको एवं मौकामा कागज गर्ने देवकिरण बुढा तथा टिकाराम ज्ञवालीले होडिङ्ग वोर्ड प्राप्त भएको आँखाले देखेको भनि कागज गरेको तथा प्रतिवादीले कसुरमा इन्कार रही वयान गरेका आधारमा वस्तुनिष्ठ प्रमाणहरुवाट आरोपित कसुर गरेको पुष्टी हुन नआएको।<br><br>ग) निर्मल लामिछानेले अदालतमा आई बकपत्र गर्दा भरपाईको दस्तखत मेरो होईन भनि लेख्न भन्न सकेको नदेखिएको,प्रतिवादीले मेरो नामवाट किर्ते गरेका हुन् भनी भन्न नसकेको अवस्थामा मौकाको कागज वेहोराका आधारमा नक्कली ठहर हुने अवस्था नरहेको। | क) न्यू एकता इन्जिनियरिङ् वर्क्स बाँकेका संचालक राम सागर गुप्ता ले अनुसन्धानको क्रममा घटना विवरण कागज गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको तर्फबाट देखाईएको मिति २०७१।०१।२४ को विल /विजक नं.५८ को विल थान-१ मैले हेरें।सो विलमा भएका अक्षर तथा दस्तखत म,मेरो एकाघर परिवारको सदस्य वा मैले कामदार कर्मचारीको रुपमा राखेको व्यक्तिको समेत होईन। विल बमोजिमको रकम भुक्तानी नगदै वा चेक मार्फत कुनै तरिकाबाट भुक्तानी लिएको होईन। विलको नक्कलको अभिलेख दुरुस्त छैन।यसमा भएको पान नं ३०५२१५५८७ मेरो न्यु एकता इन्जिनियरिङ्ग वर्क्स बाँकेको हो ।विल बमोजिमको कारोबार सत्य साँचो होईन भन्ने वेहोरा उल्लेख गरी कागज गरेको र सो वेहोरा समर्थित गर्दै मिति २०७६।०२।०८ मा गरेको घटना विवरण कागज मेरै हो भनि सनाखत गरी अदालतमा बकपत्र गरेको।न्यु एकता इन्जिनियरिङ्ग वर्क्स बाँकेका नामबाट सामान खरिद गरी खर्च भएको रकम मध्ये वाटर प्रुफ सादा पाता, जि.आइ. पाइप, किला कब्जा फ्रेम सहित, कलर पेन्टिङ लोगो लेखाएको वापत स्रेस्तामा समाबेश गरिएको सामान खरिदको बिल भेरिफिकेशनको लागि आयोगको कार्यालय सुर्खेतबाट खटिई गएको टोलीको प्रतिवेदन समेतबाट उक्त विल तथा भरपाईहरु सम्वन्धित व्यवशाय संचालकवाट जारी गरेको होईन भन्ने देखिदा प्रतिवादीले कसुर गरेको भन्ने थप पुष्टि भएको र मिसिल संलग्न सबुद प्रमाणहरुको मूल्याङ्कन नगरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>ख) प्रतिवादी कमल प्रसाद खनालले मौकामा तथा अदालतमा वयानको क्रममा उक्त कार्यक्रमको सम्वन्धमा जिल्ला परिषदमा आय व्ययको पनि सार्वजनिक रुपमा सुनवाई भैसकेको र सो सम्बन्धिको सम्पूर्ण सूचना MIS सूचना प्रणालीमा राखिएको र बिभिन्न समयमा सरोकारवालाहरुबाट अनुगमन भएकोले नेपाल सरकारको नियम अनुसार खर्च भएको हो।जसको आ.ले.प./म.ले.प.भैसकेको पनि छ।नक्कली भनिएको बिल नक्कली नभई सक्कली भएको जानकारी गराउंछु भनेतापनि न्यू एकता इन्जिनियरिङ् वर्क्स नेपालगंज, बाँकेको संचालक राम सागर गुप्ताको मौकाको कागज तथा अदालतमा गरेको बकपत्रवाट उक्त विजक झुठ्ठा हो भनि लेखाई दिएको, जारी कर बिजक नं. ५८ को विजक न्यू एकता इन्जिनियरिङ्ग वर्क्स नेपालगंज, बाँकेको संचालक,कामदार निजको एकाघरका मानिस को कस्ले जारी गरेको हो भनि निज प्रतिवादीले खुलाउन सकेको नदेखिएको ।यसैगरी निज प्रतिवादीले सो विजकमा उल्लेखित सामान खरिद वापत न्यू एकता इन्जिनियरिङ् वर्क्स नेपालगंज, बाँकेलाई भुक्तानी गर्दा नगद,चेक वा अनलाईन वैंकिङ्ग प्रणाली के कसरी भुक्तानी गरेको हो भन्ने कुरा पनि खुलाउन सकेको नदेखिएको अवस्थामा आरोपित कसूर गरेको पुष्टि हुदाहुंदै वास्तविक तथ्य प्रमाणहरुलाई अनदेखा गरि विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।<br>ग) विल/विजक भेरिफिकेसनका लागि स्थलगत रुपमा सम्वन्धित व्यवशायी तथा सो को संचालकसंग प्रत्यक्ष भेटगरी प्रतिवेदन तयार गरेको देखिएको। सो प्रतिवेदन प्रस्तुतकर्ता जिवन बि.सी.ले बकपत्र गर्दा स.ज.९ मा संचालक राम सागर गुप्ताले मेरो वर्कसपको होईन भनि कागज गरी दिएका र सोही कारण संचालकसंग विलको कपी थिएन भनि वेहोरा उल्लेख गरे समेतवाट प्रतिवादीको वयान खण्डित भई आरोपदावी बमोजिम निज प्रतिवादी कमल प्रसाद खनालले नक्कली विल/विजक बनाई भुक्तानी तथा पेश्की फर्छ्यौट गरेको। नक्कली बिलबाट रु.२,४७,४९७।१२ रकमको खरिद नै नगरिएको सामानको झुट्टा बिल बनाई साविक जिल्ला विकास समितिको कार्यालय, कालिकोटबाट प्रचार प्रसार कार्यक्रममा होर्डिङ बोर्ड निर्माण गरेको भनी रु.२,४७,४९७।१२ तथा सामान ढुवानी तथा जडान खर्च समेत समाबेश गरी गर्दै नगरिएको कार्यक्रम सञ्चालनमा खर्च लेखि हुँदै नभएको उक्त कार्यक्रम सञ्चालन गर्न पेश्की बुझिलिई स्रेस्तामा झुट्टा बिल भरपाई संलग्न गरी अन्तिम भुक्तानी लिने कार्य गरी प्रतिवादीले वदनियतसाथ आफूले गैरकानूनी लाभ र नेपाल सरकारलाई हानी पुऱ्याएको कुल जम्मा रु. ३,२६,४९७।- (रुपैंया तीन लाख छब्बीस हजार चार सय सन्तानब्बे) हिनामिना भएको पुष्टि हुंदाहुदै निज प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी रहेको।<br>घ) प्रतिवादीले अदालतमा वयान गर्दा न्यु एकता इन्जिनियरिङ्गले सामान उपलब्ध गराई ढुवानी भई आएका सामानहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | छब्बीस हजार चार सय सन्तानब्बे रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कैद सजाय र विगो बमोजिम जरिवाना हुन एवम् सोही दफा ८(१) बमोजिम वदनियतसाथ हानी नोक्सानी गरेको कुल रकम रु.३,२६,४९७।- (तीन लाख छब्बीस हजार चार सय सन्तानब्बे रुपैंया) बिगो निजबाट असुल उपर हुन मागदाबी लिइएको। | | LAPA का सहजकर्ताहरु कटक बहादुर शाही, रुपा विष्ट, रमिता कुमारी शाही र सरस्वती कुमारी योगी मार्फत प्रचार सामाग्री होडिङ् वोर्ड LAPA का संयोजक शिव प्रसाद अधिकारीको रोहवरमा वितरण भएका थिए भनि वयान कथन लेखाएको देखिएको लापाका संयोजक शिव प्रसाद अधिकारीले अनुसन्धानको कागज वेहोरामा तत्कालिन जि.वि.स.कालिकोट अन्तर्गतको नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम(LAPA) को क्रियाकलापहरु संचालन गर्न तत्कालिन दररेट अनुसार प्रचार प्रसार सामानको खरिदकोलागि सिफारीस गरेको सत्य हो,त्यस पछि मेरो सरुवा कैलाली जिल्ला अन्तर्गत भएकोले २०७१ असारमा नै मेरो सोहि परियोजना अन्तर्गत सरुवा भई गएकोले विस्तृत विवरण जानकारी नभएको।म उक्त प्रचार सामाग्रको खरिद तथा भुक्तानी प्रकृयामा संलग्न नभएको र मेरो संलग्नता सिफारिसमा मात्र भएको।उक्त LAPA अन्तर्गत रहेका कार्यक्रममा फिल्डका सहजकर्ताको रोहवरमा विउ वितरण भएको हो भनि वेहोरा उल्लेख गरी उक्त प्रचार साग्रीहरु (होडिङ्ग वोर्ड) वितरण गरेको भनि खुलाउन नसकेको अदालतको बकपत्रमा समेत मेरो रोहबरमा उक्त प्रचार सामाग्रीहरु LAPA अन्तर्गतका सहजकर्ताहरु कटक बहादुर शाही,रुपा विष्ट, रमिता कुमारी शाही र सरस्वती कुमारी योगी मार्फत वितरण भएको हो भनि भन्न सकेको अवस्था नदेखिएको साथै सरुवा भई गएको व्यक्तिले वितरण गरे भन्न सकिने अवस्था समेत रहेको नदेखिदा निज प्रतिवादी कमल प्रसाद खनालको वयान विरोधाभाषपूर्ण भई विश्वास लायक नभएको र निजले प्रचार सामाग्रीहरु (होडिङ्ग वोर्ड) खरिद गरी LAPA का संयोजक शिव प्रसाद अधिकारीको रोहवरमा सहजकर्ताहरुलाई वितरण गरेको भन्ने वयान वेहोरा स्वतः खण्डित भएको।यसैगरी यी प्रतिवादीले वयान वेहोरामा उल्लेख गरेका LAPA अन्तर्गतका सहजकर्ताहरुलाई साक्षीको रुपमा राखी आफ्नो निर्दोषिता प्रमाणित गर्नु पर्नेमा सहजकर्ता मध्ये कटक बहादुर शाही १ जना बाहेक अन्य सहजकर्ताहरुलाई साक्षीको रुपमा राखेको नदेखिएको। साथै, घटनासंग असम्वन्धित,तथ्यमा अनभिज्ञ र आफ्नो हितमा बकपत्र गर्ने मानिसहरुलाई साक्षीको रुपमा राखी अदालतमा उपस्थित गराई औचित्यहिन बकपत्र भएको अवस्थाको विद्यमानता रहेको देखिदा यी प्रतिवादीले अभियोग दावी बमोजिमको कसुर गरेको अन्य स्वतन्त्र प्रमाणहरुवाट समेत पुष्टी भई रहेकोमा उक्त तथ्य प्रमाणहरुलाई अनदेखा गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।<br>ङ) यी प्रतिवादी कमल प्रसाद खनालले ढुवानी भाडा खर्चको लागी रु.२४,०००।- भुक्तानी लिएको भरपाईबाट देखिएको।उक्त भरपाई निर्मल लामिछानेको नामबाट भएको र निजको लाइसेन्स तथा निजको बुवाको नाममा दर्ता रहेको सवारी साधन दर्ता किताब मिसिल सामेल रहेको। ढुवानी भाडा बूझिलिएको भनि भरपाई गरिदिने भनिएका व्यक्ति निर्मल लामिछानेले अनुसन्धानको क्रममा सोधपुछ हुँदा स.ज.३ मा मिसिल संलग्न सवारी चालक अनुमती पत्र र सवारीधनी प्रमाण पत्रको प्रतिलिपि मैले दिएको होईन।उक्त कागजातहरु कहिकतैवाट फोटो खिचि प्राप्त गरेको हुनुपर्छ, यसैगरी स.ज.५मा मैले सामान ढुवानी गरेको भनि रकम भुक्तानी लिई सरकारी रकम हिनामिना गरेको छैन।किर्ते भरपाई बनाई रकम भुक्तानी लिनेलाई कारवाहि हुनु पर्ने हो भन्ने वेहोरा लेखाएको र अदालतमा बकपत्र गर्दा पनि मौकाको कागज समर्थित हुने गरी बकपत्र गरेको देखिनुका साथै यी प्रतिवादी लगायत तत्कालिन जिल्ला विकास समितिको कार्यालय,कालिकोटमा कार्यरत कर्मचारीहरुलाई चिन्दिन भनि बकपत्र गरेको देखिदा अपरिचित मानिसवाट उक्त कार्य भयो भनि अनुमान समेत गर्न सक्ने अवस्था नरहेकोमा निज प्रतिवादीले निर्मल लामिछानेको नामबाट नक्कली भरपाई तयार गरी स्रेस्तामा समावेश गरी रु.२४,०००।– (रुपैंया चौबीस हजार) ढुवानी खर्च भुक्तानी लिने कार्य गरेको मिसिल संलग्न कागज प्रमाणहरुवाट खुल्न आएको प्रष्ट देखिएको हुदा निज प्रतिवादीले गैर कानूनी लाभ लिई भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि भईरहेकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुलाई नजरअन्दाज गरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>च) प्रस्तुत मुद्दामा मौकामा घटना विवरण कागज गर्ने मानिसहरु न्यू एकता इन्जिनियरिङ्ग वर्क्स बाँकेका संचालक राम सागर गुप्ता,सामान ढुवानी गर्ने भनिएका व्यक्ति निर्मल लामिछानेले मौकामा गरेको घटना विवरण कागज समर्थित हुने गरी अदालतमा समेत बकपत्र गरेका छन्।यसै गरी स्थलगत निरीक्षण गरी विल भरपाईहरु भेरिफिकेशन गर्ने राष्ट्रसेवक कर्मचारीहरुले पनि मौकामा कार्यालयमा पेश गरेको प्रतिवेदन समर्थन गर्दै अदालतमा उपस्थित भई बकपत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरेको। प्रमाण ऐन,२०३१ को दफा १८ मा भएको कानूनी व्यवस्थालाई हेर्दा “कुनै काम घटना वा अबस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भइ वयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेकोमा मौकामा कागज गरी अदालतमा उपस्थित भई बकपत्र गर्ने मानिसहरु रामसागर गुप्ता,निर्मल लामिछाने,जिवन कुमार वि.सी. समेतको भनाईलाई प्रमाणका रुपमा ग्रहण गर्नु पर्नेमा प्रमाणको रुपमा ग्रहण नगरी प्रतिवादी कमल प्रसाद खनाललाई आरोपित कसुरबाट सफाई दिने ठहर गरी भएको विशेष अदालतको फैसला प्रमाण ऐन,२०३१ को कानूनी व्यवस्था समेतको विपरित भई त्रुटिपूर्ण भई बदरभागी रहेको।<br>अतःप्रस्तुत मुद्दाका प्रतिवादी कमल प्रसाद खनालका हकमा अनुसन्धाबाट संकलित एवं अदालतमा परीक्षण भएका सवूद प्रमाणबाट आरोपदावी बमोजिमको कसूर स्थापित हुँदाहुँदै प्रमाण मूल्याङ्कन समेतका माथि उल्लिखित आधार प्रमाणबाट विशेष अदालतको फैसला त्रुटिपूर्ण भै बदरभागी भएकोले आरोपपत्र बमोजिम कारवाही गरी पाउन मागदाबी रहेको। |